# प्रवेशिका परीक्षा २०७० सालका नेपाली विषयका प्रश्नपत्रहरूको अध्ययन


शोधार्थी

युवराज प्रसाईं

क्याम्पस रोल नं. :

शैक्षिक वर्ष : २०६५/०६६

दोस्रो वर्षको परीक्षा क्रमाङ्क २१८०१९१ (२०६६)

त्रि.वि. द.नं. : १०८३-८१


नेपाली शिक्षा विषयमा स्नातकोत्तर उपाधिका निमित्त प्रस्तुत शोधपत्र


त्रिभुवन विश्वविद्यालय,

शिक्षा शास्त्र सङ्काय

जनता बहुमुखी क्याम्पस

नेपाली शिक्षा विभाग

इटहरी, सुनसरी



वि.सं. २०७२/इ.सं.२०१६

## प्रतिबद्धता पत्र

प्रस्तुत 'प्रवेशिका परीक्षा २०७० सालका नेपाली विषयका प्रश्नपत्रहरूको अध्ययन' शीर्षकको शोधपत्र मेरो मौलिक अनुसन्धान हो । यस शोधकार्यमा कसैका सामग्री अनाधिकृत रूपमा प्रयोग गरिएको छैन । प्रस्तुत शोधपत्र अन्य कुनै पनि उपाधिका प्रयोजनका लागि प्रस्तुत गरिएको छैन । यस्तो गरिएको पाइएमा नियम अनुसार जुनसुकै किसिमको प्रक्रिया मेरा लागि मान्य हुने प्रतिबद्धता जाहेर गर्दछु ।

....................

युवराज प्रसाईं

शोधार्थी

मिति : २०७३/०७/२४/

# जनता बहुमुखी क्याम्पस

☎०२५-५८१३००
५८००६४

इटहरी, सुनसरी
स्थापित : २०४५
(त्रिभुवन विश्वविद्यालय र उ.मा.शि.परिषदबाट सम्बन्धन प्राप्त)
विज्ञान, व्यवस्थापन, मानविकी तथा शिक्षाशास्त्र संकाय


प.सं. :
च.नं.:

मिति : २०७३/०७/२५

## शोध निर्देशकको सिफारिस-पत्र

त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र सङ्काय श्री जनता बहुमुखी क्याम्पस नेपाली भाषा शिक्षा विभाग अन्तर्गत स्नातकोत्तर तह दोस्रो वर्षका छात्र युवराज प्रसाईंले **प्रवेशिका परीक्षा २०७० सालका नेपाली विषयका प्रश्नपत्रहरूको अध्ययन** शीर्षक शोधपत्र नेपा.शि.५९८ पाठ्यांशको प्रयोजनार्थ मेरो निर्देशनमा लेख्नुभएको हो । कडा परिश्रम तथा मिहिनेत र लगनशीलताका साथ तयार पारिएको यो शोधपत्र उपयुक्त भएकाले मूल्याङ्कनका लागि सिफारिस गर्दछु ।

......................
शोध निर्देशक
नवीनकुमार शर्मा
जनता बहुमुखी क्याम्पस
इटहरी, सुनसरी
नेपाली शिक्षा विभाग

# जनता बहुमुखी क्याम्पस

☎०२५-५८१३००
५८००६४

इटहरी, सुनसरी
स्थापित : २०४५
(त्रिभुवन विश्वविद्यालय र उ.मा.शि.परिषदबाट सम्बन्धन प्राप्त)
विज्ञान, व्यवस्थापन, मानविकी तथा शिक्षाशास्त्र संकाय


प.सं. :
च.नं.:

मिति : २०७३/ /

## स्वीकृति-पत्र

त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र सङ्काय श्री जनता बहुमुखी क्याम्पस नेपाली शिक्षा विभागका छात्र युवराज प्रसाईंले तयार पार्नुभएको **प्रवेशिका परीक्षा २०७० सालका नेपाली विषयका प्रश्नपत्रहरूको अध्ययन** शीर्षकको शोधपत्र शिक्षा शास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभाग स्नातकोत्तर तह द्वितीय वर्षको नेपा.शि. ५९८ पाठ्यांशका लागि प्रस्तुत शोधपत्र स्नातकोत्तर उपाधिका लागि स्वीकृत गरिएको छ ।

## शोधपत्र मूल्याङ्कन समिति

| नाम | | हस्ताक्षर |
|---|---|---|
| १. मदनराज बराल | विभागीय प्रमुख | ................................ |
| २. नवीनकुमार शर्मा | शोध निर्देशक | ............................... |
| ३. ...................... | बाह्य परीक्षक | ................................ |

# कृतज्ञताज्ञापन

प्रस्तुत **प्रवेशिका परीक्षा २०७० सालका नेपाली विषयका प्रश्नपत्रहरूको अध्ययन** शीर्षकको शोधपत्र स्नातकोत्तर उपाधिका लागि त्रिभुवन विश्वविद्यालयको नियमानुसार तयार गरिएको छ ।

सर्वप्रथम मेरो शोधप्रस्ताव स्वीकृत गरी शोधको अवसर प्रदान गर्ने जनता बहुमुखी क्याम्पस इटहरीका नेपाली शिक्षा विभागप्रति हार्दिक आभार व्यक्त गर्दछु । यो शोधकार्य मैले आदरणीय गुरु नवीनकुमार शर्माको कुशल एवम् प्राज्ञिक निर्देशनमा तयार गरेको हुँ । वहाँ आफू अत्यन्त व्यस्त रहँदा रहँदै पनि यस शोधकार्यका लागि प्रारम्भदेखि अन्तिम चरणसम्म आवश्यक प्रेरणा, यथोचित सहयोग, उपयुक्त प्राविधिक सल्लाह, महत्त्वपूर्ण सुझाव एवम् मार्ग निर्देशन प्रदान गर्नु भएकोमा म उहाँप्रति हार्दिक आभार तथा कृतज्ञताज्ञापन गर्दछु ।

त्यस्तै मेरो शोधप्रस्ताव स्वीकृत गरी शोध गर्नका लागि अनुमति दिनुहुने जनता बहुमुखी क्याम्पस इटहरीका नेपाली शिक्षा विभागका विभागीय प्रमुख श्रद्धेय गुरु मदनराज बराल तथा आदरणीय गुरु तीर्थराज भट्टराई, मेरो नेपाली एम.ए.को शोधपत्र अन्तिम स्वीकारोक्ति कथा सङ्ग्रहको कृतिपरक अध्ययन शीर्षकको शोधपत्रका शोधनिर्देशक एवम् यस शोधपत्रका लागि आवश्यक सुझाव प्रदान गर्ने महेन्द्र बहुमुखी क्याम्पस धरान नेपाली विभागका विभागीय प्रमुख आदरणीय प्रा.डा. टङ्कप्रसाद न्यौपाने लगायत सम्पूर्ण गुरुवर्गमा हार्दिक आभार प्रकट गर्दछु ।

प्रस्तुत शोधकार्य सम्पन्न हुनमा हरेक क्षण उत्साह, हौसला, प्रेरणा र समय दिनुहुने माता देवकुमारी प्रसाईं, पिता प्रतापलाल प्रसाईं, युगल मीना प्रसाईं साथै मेरो परिवारका सबै सदस्यजनहरूलाई समेत विशेष आभार तथा धन्यवाद अर्पण गर्दछु । मलाई हौसला थप्ने मेरा कर्मपिता स्व.डिल्लीराम सिटौला र कर्ममाता स्व. भिमादेवी सिटौलाप्रति हार्दिक आत्मिक योग स्मरण व्यक्त गर्दछु ।

यसैगरी यो शोधपत्रको कम्प्युटर टङ्कणका लागि सहयोग गर्नुहुने नेहा कम्प्युटर्स इटहरी-५ की रञ्जना अधिकारीलाई धन्यवाद दिन चाहन्छु ।

अन्त्यमा यस शोधपत्रलाई पूर्णता दिन प्रत्यक्ष तथा अप्रत्यक्ष सहयोग गर्नुहुने सम्पूर्ण महानुभावहरूलाई धन्यवाद दिँदै प्रस्तुत शोधपत्र आवश्यक मूल्याङ्कनका लागि जनता बहुमुखी क्याम्पस, शिक्षा शास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभाग, इटहरी समक्ष पेश गर्दछु ।

मिति : २०७३/०७/२३

..........................

युवराज प्रसाईं

शोधार्थी

## सङ्क्षिप्त रुपको सूची

| **सङ्क्षिप्त रूप** | | **पूरा रूप** |
|---|---|---|
| अनि | - | अङ्क निर्धारण |
| अप | - | अर्थ पहिचान |
| अभा | - | अङ्क भार |
| अवि | - | अङ्क विभाजन |
| आप | - | आत्मपरक |
| उदिप्रसं | - | उत्तर दिनुपर्ने प्रश्न सङ्ख्या |
| उपु | - | उत्तरपुस्तिका |
| क्रसं | - | क्रमसङ्ख्या |
| जअ | - | जम्मा अङ्क |
| जसं | - | जनसङ्ख्या |
| जसोपस | - | जम्मा सोधिएका प्रश्न सङ्ख्या |
| दोसं | - | दोस्रो संस्करण |
| पसं | - | पहिलो संस्करण |
| पविक्षे | - | पश्चिमाञ्चल विकास क्षेत्र |
| पूविक्षे | - | पूर्वाञ्चल विकास क्षेत्र |
| पृसं | - | पृष्ठ सङ्ख्या |
| प्र. | - | प्रश्न |
| प्रप | - | प्रश्नपत्र |
| प्रस | - | प्रश्नसङ्ख्या |
| प्रा | - | प्राध्यापक |
| मपविक्षे | - | मध्यपश्चिमाञ्चल विकास क्षेत्र |
| मविक्षे | - | मध्यमाञ्चल विकास क्षेत्र |
| विता | - | विशिष्टीकरण तालिका |
| विसं | - | विक्रम सम्वत् |
| सउपसं | - | सङ्क्षिप्त उत्तरात्मक प्रश्न सङ्ख्या |
| सुपविक्षे | - | सुदुर पश्चिमाञ्चल विकास क्षेत्र |
| त्रिवि | - | त्रिभुवन विश्वविद्यालय |
| ज्ञाब | - | ज्ञानबर्द्धक |

## शोधसार

त्रिभुवन विश्वविद्यालय अन्तर्गत जनता बहुमुखी क्याम्पस, इटहरी शिक्षा शास्त्र सङ्काय नेपाली शिक्षा विभाग अन्तर्गत कोड नं. ५९८ को प्रयोगात्मक पाठ्यभार पूरा गर्न स्नातकोत्तर तहको उपाधिका लागि यो शोधकार्य सम्पन्न गरिएको हो ।

२०७० सालमा लिइएको प्रवेशिका परीक्षाको अनिवार्य नेपाली विषयको पाँचवटै विकास क्षेत्रका प्रश्नपत्रहरूको अध्ययन यो शोधकार्यमा गरिएको छ । शोधका क्रममा आन्तरिक र बाह्य दुवै आधारबाट अध्ययन गरिएको छ । पाठ्यक्रमको उद्देश्य पूरा हुनका लागि परीक्षा र प्रश्नपत्र विशिष्टीकरण तालिका तथा पाठ्यक्रमसँग मेल खानु अनिवार्य हुन्छ । यसरी मेल खाएको नखाएको थाहा पाउनका निमित्त अध्ययन गरिएका प्रश्नपत्रहरूले वास्तविक मापदण्ड र प्रश्नपत्र निर्माणको राष्ट्रिय शिक्षाको योजनाको लक्ष्य पूरा गरे नगरेको विविध कोण र पक्षबाट अध्ययन गरिएको छ । अध्ययनका क्रममा विषयको पाठ्यभार, तोकिएको समय र सिकाइ सीपका आधारमा प्रश्न भए नभएको, प्रश्नपत्रमा भाषिक व्याकरणिक त्रुटिहरू रहे नरहेको साथै प्रश्नपत्रहरूको कागजी आकार अक्षरको आकार आदि भौतिक स्वरूप सुहाउँदो, स्तरीय र आकर्षक भए नभएको अध्ययन गरिएको छ ।

प्रश्नपत्रहरूलाई अध्ययन गर्दा व्यवहारिक रूप दिन गत वर्षहरू भन्दा बढी प्रयास गरेको देखिन्छ । प्रतिनिधि प्रश्नहरू सरलबाट जटिल तिरको क्रमिकतामा मिलेको, विषयवस्तुको क्षेत्र र क्रम मिलेको, विशिष्टीकरण तालिकासँग प्रश्न आइटमहरू मिलेको, प्रश्नपत्रको शीर्षभागमा समय, पूर्णाङ्क, उत्तीर्णाङ्क दिइएको भए तापनि तह वा स्तर खुलाइएको छैन । शीर्षभागमा दिनुपर्ने निर्देशन कमी भएको, निर्देशनमा अङ्ग्रेजी शब्द, अङ्क प्रयोगले अस्पष्ट भएको, पाठ्यक्रमका सबै पक्ष नसमेटेको, विद्यार्थीहरूको क्षमता विकासका आधारमा कुनै कुनै प्रश्न सान्दर्भिक नभएको, अङ्कभार र कठिनाइस्तर उपयुक्त नभएको साथै सुदूर पश्चिामाञ्चल विकास क्षेत्रका प्रश्नपत्रहरू भाषिका अन्तरले गर्दा शब्द जटिलता भएको देखिन्छ ।

अन्त्यमा नेपाली विषयका प्रश्नपत्रहरूमा देवनागरी लिपीको मात्र प्रयोग गर्नुपर्ने, प्रष्ट निर्देशन दिनुपर्ने, पाठ्यक्रमको व्यापकतालाई समेट्नु पर्ने, व्याख्यात्मक प्रश्नहरूले समय लामो माग्ने तर अङ्क कमी पाउने अवस्था हटाउनु पर्ने, सुदूर पश्चिमाञ्चल विकास क्षेत्रका प्रश्नहरूमा अझ सरल शब्दहरू प्रयोग गर्नुपर्ने अवस्था देखिएकाले प्रश्नहरूमा भएका यस्ता सबल दूर्बल पक्षहरू केलाउँदै आगामी दिनमा अझै स्तरीय प्रश्नपत्र निर्माण गर्न सुझाव दिइएको छ ।

# विषयसूची

स्वयम् घोषणा

सिफारिस पत्र

स्वीकृति पत्र

कृतज्ञताज्ञापन

सङ्क्षिप्त रुप

शोधसार

अध्याय एक

परिचय

| | |
|---|---|
| १.१ अध्ययनको पृष्ठभूमि | १ |
| १.२ समस्या कथन | ४ |
| १.३ अध्ययनको औचित्य र महत्त्व | ४ |
| १.४ अध्ययनका उद्देश्यहरू | ५ |
| १.५ अध्ययनको परिसीमा | ५ |
| १.६ पारिभाषिक शब्द | ५ |

अध्याय - दुई

पूर्वकार्यको समीक्षा तथा धारणात्मक संरचना

| | |
|---|---|
| २.१ पूर्वकार्यको समीक्षा | ७ |
| २.२ पूर्वकार्यको उपयोगिता/कार्यान्वयन | १० |
| २.३ सैद्धान्तिक/धारणात्मक संरचना | १० |

अध्याय - तीन

अध्ययन विधि/प्रक्रिया

| | |
|---|---|
| ३.१ अध्ययनको संरचना | १२ |
| ३.२ जनसङ्ख्या र नमुना | १२ |
| ३.३ नमुना छनोट प्रक्रिया | १२ |
| ३.४ तथ्याङ्क सङ्कलनका साधन | १३ |
| ३.५ तथ्याङ्क सङ्कलन प्रक्रिया | १३ |
| ३.६ तथ्याङ्क विश्लेषण र व्याख्या प्रक्रिया | १४ |

अध्याय- चार

नतिजा/परिणाम र छलफल

४.१ नतिजा/परिणाम १५

४.१.१ प्रश्नहरूको आन्तरिक आधारमा तुलनात्मक अध्ययन १५

४.१.१.१ पाठ्यक्रम अनुरूपताका आधारमा १५

४.१.१.२ पाठ्यक्रम तथा विशिष्टीकरण तालिकाका आधारमा १७

४.१.१.२.१ प्रश्नपत्रमा प्रश्नहरूको क्रमिकता १९

४.१.१.३ भाषिक सीप पक्षहरूको परीक्षणका आधारमा २१

४.१.१.४ प्रश्नमा हुनुपर्ने गुण ३१

४.१.१.५ भाषाका आधारमा हुनुपर्ने गुण ३५

४.१.१.६ प्रश्नका पक्षहरू वा प्रकृतिहरू ३६

४.१.२ प्रश्नहरूको बाह्य आधारमा तुलनात्मक अध्ययन ३६

४.१.२.१ निर्देशनका आधारमा ३७

४.१.२.२ प्रश्नमा पूर्णाङ्क र उत्तीर्णाङ्क वितरण ३९

४.१.२.३ प्रस्तुति अनुक्रम ४७

४.१.२.४ प्रश्नपत्रको स्वरूप ४७

४.१.२.५ भाषाको स्वरूप ४९

४.२ छलफल/व्याख्या ४९

अध्याय - पाँच

सारांश, निष्कर्ष र सुझाव

५.१ सारांश ५२

५.२ निष्कर्ष ५२

५.२.१ सबल पक्ष ५३

५.२.२ दुर्बल पक्ष ५३

५.३ सुझावहरू ५४

५.४ उपयोगिता/कार्यान्वयन ५५

५.४.१ नीतिगत तह ५५

५.४.२ कार्यान्वयन तह ५६

५.४.३ आगामी अनुसन्धानका लागि शीर्षक ५६

सन्दर्भसामग्री

परिशिष्टहरू

## तालिकासूची


| तालिका नं. | तालिका शीर्षक | पृष्ठ |
|---|---|---|
| १ | विषयवस्तुको सीमा र अङ्क विभाजन | १७ |
| २ | सरलबाट जटिलतिर प्रश्नहरूको क्रमिकता | २० |
| ३ | विशुद्ध पढाइ सीप परीक्षण र अङ्कभार | २२ |
| ४ | विशुद्ध लेखाइ सीप परीक्षण र अङ्कभार | २३ |
| ५ | पढाइ लेखाइ एकीकृत सीप परीक्षण र अङ्कभार | २४ |
| ६ | शब्दभण्डार क्षमता र परीक्षण | २६ |
| ७ | व्यवहारिक सीप परीक्षण र अङ्कभार | २८ |
| ८ | उच्च दक्षता परीक्षण र अङ्कभार | २९ |
| ९ | प्रश्न र पूर्णाङ्क वितरण | ४० |
| १० | विशुद्ध पढाइ सीप परीक्षण र अङ्क वितरण | ४३ |
| ११ | विशुद्ध लेखाइ सीप परीक्षण र अङ्क वितरण | ४४ |
| १२ | पढाइ लेखाइ एकीकृत सीप परीक्षण र अङ्क वितरण | ४५ |
| १३ | शब्दभण्डार परीक्षण र अङ्क वितरण | ४६ |
| १४ | व्याकरण परीक्षण र अङ्क वितरण | ४६ |